नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ३०० २०८१ साल असार २५ गते मंगलबार (9 July 2024 Tuesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुशासन, सामाजिक न्याय र... ३ पृष्ठमा : 'आत्मविश्वास र आशा ... ३ पृष्ठमा :तलब वृद्धिको माग गर्दै सामसुडका.

# राजविराज नगर क्षेत्रमा पहिलोपटक सिसि क्यामरा जडान

## ९० वटा क्यामरामार्फत मूख्य सडकहरुको निगरानी जिल्ला प्रहरीले गर्ने





**दैनिक समाचारदाता**
**राजविराज, २४ असार ।**

राजविराज नगरपालिकाले नगरक्षेत्र भित्रको सुरक्षालाई मध्यनजर गर्दै मुख्य बजार क्षेत्रमा सिसि क्यमरा जडान गरेको छ ।

नगरपालिकाले राजविराजस्थित गजेन्द्र चौक, नेता चौक, राममन्दिर, अदालत रोड र रुपनी बसस्टेण्ट र पानीटंकी रोड सहितका क्षेत्रमा निगरानी गर्न सिसि क्यामरा जडान गरेको हो ।

चालु आर्थिक बर्षको नगरसभाले विनियोजन गरेको ५० लाख बजेटबाट राजविराज नगरक्षेत्र भित्र एक सय २३ थान क्यामरा जडान गरिएको नगरपालिकाका इन्जिनियर मो. फिरोज अलीले जानकारी दिदै त्यसबाहके ५ थान ठूलो पिपिजेट क्यामरा समेत लगाइएको बताए ।

नगरलाई उज्यालो बनाउनुका साथै रातीको समयमा सिसि क्यामराको भिजनलाई राम्रो बनाउन ५ थान फ्लोड लाईट र १३ थान मिनि फ्लोड समेत जडान गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङ्गले जानकारी दिए ।

नगरसभाले विनियोजन गरेको ५० लाख मध्येबाट सिसि क्यामरा जडानको काम गरिएको र अझै काम जारी नै रहेकाले यकिन लागत खर्च बारे पछि जानकारी दिने अधिकृत गुरुङ्गको भनाई छ । उनले भगवती पोखरी भित्र र नगरपालिका भित्र लगाइएको सिसि क्यामराको निगरानी पालिकाले आफै गर्ने र नगरको सडकमा लगाइएको क्यामराको निगरानी जिल्ला प्रहरी कार्यालयले गर्ने जानकारी दिए ।

'नगरको मुख्य व्यस्त रहने ठाउँहरुमा निगरनी गर्न क्यामरा जडान गरिएको छ, जसमध्ये मुख्य सडकमा सानो ठूलो गरी लगाईको ९० वटा क्यामराको निगरानी जिल्ला प्रहरी कार्यालय सप्तरीले गर्नेछ र नगरपालिका वरपर तथा भगवती मन्दिर क्षेत्रको निगरानी नगरपालिकाले गर्नेछ' गुरुङ्गले भने ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यले सिसि क्यमरा जडानबाट नगरको सुरक्षा व्यवस्था सँगै अपराध

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

## मेरील्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत २१ वर्षदेखी देशभरीका ७००० (सात हजार) भन्दा बढी कलेज मध्येबाट लगातार **Top Ten** मा पर्न सफल साथै यस पल्ट राष्ट्रिय स्तरमै नेपालको **७ औं** स्थानमा पर्न सफल यस मेरील्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा बिनम्र अनुरोध छ ।

**मेरील्याण्ड कलेज**
रंगेली रोड, बिराटनगर
सम्पर्क नं. : ०२१ | ५७५२७५, ५१५५४०,
मो. नं. ९८५२०२०३३६ | ५७६८३६, ५७०४९२

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

## ओभरसियरी क्यामपस

( CTEVT बाट मान्यता प्राप्त )

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## CTEVT बाट मान्यता प्राप्त जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

**संचालित कार्यक्रमहरु**

| डिप्लोमा तह | |
|---|---|
| H.A. (सामान्य चिकित्सा) | V-JTA भेटनरी जे.टी.ए. १८ महिने |
| अवधी : ३ वर्षे | P-JTA बाली विज्ञान १८ महिने |

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

| | | |
|---|---|---|
| फारम बितरण मिति | : | २०८१/३/१६ गतेदेखी |
| फारम बुझाउने अन्तिम मिति | : | २०८१/४/१३ गतेसम्म |
| प्रवेश परिक्षा मिति | : | २०८१/४/१९ गते शनिबार |

समय : बिहान ८ बजेदेखी **(H.A.)**
समय : दिउँसो १ बजेदेखी **(V-JTA, P-JTA)**

**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा ऐतिहासिक फड्को

**रेखा शर्मा**

काठमाडौँ, २४ असार (रासस)।

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को नेतृत्वमा सरकार गठन भएको डेढ वर्ष पूरा भएको छ। तीन ‘स’ अर्थात् सुशासन, सामाजिक न्याय र समृद्धिलाई मुख्य सोच बनाएर अघि बढेको सरकारले यी तीनवटै क्षेत्रमा ऐतिहासिक सफलता प्राप्त गरेको छ। सुशासनका पक्षमा सरकारले लिएको दृढता र चालेका कदमका कारण सुशासनको क्षेत्रमा नयाँ युगको थालनी नै भएको छ। त्यसै पनि नेपाली समाज लामो समयदेखि सामन्तवादी सोच चिन्तनबाट ग्रसित रह्यो, त्यसमा पनि शक्तिमा हुनेहरु आम नागरिकभन्दा माथि हुन्छन् भन्ने ‘भिआइपी कल्चर’ सदियौँदेखि चल्दै आयो। सामन्तवादविरुद्धको ऐतिहासिक लडाइँको नेतृत्व गरेको राजनीतिक शक्तिले सञ्चालन गरेको सरकार हुनुका नाताले पनि हामीले सामन्तवादका बचेखुचेका अवशेष समाप्त पार्न केही गर्नैपर्थ्यो। सम्माननीय प्रधानमन्त्री प्रचण्ड नेतृत्वको सरकारले ‘गणतन्त्रमा कसैलाई पनि गल्ती गर्ने छुट हुँदैन, गल्ती गरे उन्मुक्ति पाइँदैन’ भन्ने जुन तथ्य व्यावहारिक रुपमा नै स्थापित गरेको छ, सुशासनका पक्षमा थालिएको यो कदम युगयुगसम्म पनि स्वर्ण लक्षरले लेखिनेछ।

सुशासन, सामाजिक न्याय र समृद्धिको गरी तीनवटै क्षेत्रमा सरकार ऐतिहासिक पहलकदमी अघि बढाएको छ। नक्कली भुटानी शरणार्थी, ललितानिवास, बाँसबारी छाला कारखाना जग्गालगायतका भ्रष्टाचारसँग जोडिएका हरेक प्रकरणमा सरकार सुशासनको पक्षमा दृढतापूर्वक उभिएको छ।सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधारका विषयलाई अघि बढाइएको छ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गरिएको छ।

सुशासनको अर्को पक्ष सेवा प्रवाह हो, यसमा सरकारले अब्बलता नै प्रस्तुत गरेको छ। नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, जग्गा रजिष्ट्रेसन, श्रम स्वीकृति, सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायतका सेवाका लागि सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको छ। यस्ता सेवाहरू प्राप्त गर्न घण्टौँ लाइन बस्नुपर्ने झन्झट र कष्टपूर्ण अवस्थाको अन्त्य भएको छ। निश्चित सार्वजनिक बिदाका दिनमा समेत सेवा प्रवाह हुने व्यवस्था मिलाइएको छ। जनगुनासो सम्बोधन गर्ने प्रभावकारी प्रणालीको आवश्यकता महसुस गरी हेल्लो सरकारको सेवालाई चौबिसै घण्टा सञ्चालनमा ल्याइएको छ।

इतिहासमै पहिलोपटक दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरूका लागि शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक वितरणको सुनिश्चित गरिएको छ। सरकारी अस्पतालको सेवा र गुणस्तरमा सुधार ल्याइएको छ। अस्पतालहरुमा जनरल शैय्या गरिब तथा विपन्न नागरिकको लागि निःशुल्क उपलब्ध गराउने नीति अघि बढाइएको छ। पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरको निःशुल्क उपचारको प्रबन्ध मिलाइएको छ। विदेशमा रहेका १५ लाख नेपालीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ। राहदानी नवीकरण विदेशबाटै गर्न सकिने तथा प्रदेशबाटै श्रम स्वीकृति लिन सकिने भएको छ। श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई हटाई कार्य सम्झौताको आधारमा पूरै कार्य अवधिको लागि दिने व्यवस्था गरिएको छ।

राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्न ७७ वटै जिल्लामा ८३० वटा स्टेशन सञ्चालन गरिएको छ। मुलुकमा उपलब्ध जनशक्ति र रोजगारदाताबीचको दूरी घटाई देशभित्र रोजगारीका अवसर वृद्धि गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संयोजनमा प्रदेश सरकार र निजी क्षेत्रको सक्रिय सहभागितामा सबै प्रदेशमा ‘श्रमाधान रोजगार मेला’ सम्पन्न गरिएको छ। चालु खर्च २० प्रतिशत कटौती गरी मितव्ययी सरकारको प्रमाण प्रस्तुत गरिएको छ। किसानको हितलाई केन्द्रमा राखी दूधको मूल्य समायोजन गरिएको छ। लामो समयदेखि भुक्तानी हुन नसकेको दूधको भुक्तानी, उखु किसानको भुक्तानी र निर्माण व्यवसायीहरूको भुक्तानी दिइएको छ। सहकारी क्षेत्रका समस्या सम्बोधन गर्न उच्चस्तरीय समिति गठन गरी कार्यप्रारम्भ गरिएको छ। गेटा कलेजलाई मेडिकल विश्वविद्यालय बनाउने निर्णय भई काम सुरू भएको छ।

प्रधानमन्त्री कार्यालय मातहतका कार्यालय र निकायहरूको गतिशीलता कायम गर्न बैठक, सिनेट, दीक्षान्तलगायतका कामहरू व्यवस्थित गरिएको छ। प्रधानमन्त्री कार्यालयको सङ्गठन तथा व्यवस्थापन सर्भेगरी सोहीअनुरूप कर्मचारी समायोजन गरिएको छ। प्रधानमन्त्री कार्यालय, मन्त्रालयहरू, प्रधानमन्त्रीको सचिवालयलगायत सबै क्षेत्रमा सुशासनको प्रत्याभूति गरिएको छ। भ्रष्टाचार नियन्त्रण र सुशासनको काम आफैँबाट प्रारम्भ गरिएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट कैयौं अनियमितताका विषयमा छानविन गरिएको छ। केही इन्टरनेट सेवा प्रदायकहरुले एक दशकदेखि नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने रोयल्टी राजश्व प्राप्त नभएका आवश्यक छानबिन गरेर कारबाही प्रक्रिया अघि बढाउँदा तत्कालका लागि राज्यलाई झण्डै पौने चार अर्ब राजश्व प्राप्त हुने बाटो खुलेको छ भने दीर्घकालीन रुपमा यसले राज्यकोषमा अर्बौं रकम आउने बाटो सुरक्षित गरेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को कार्यान्वयनमा देखिएका जटिलता र यसको खरिद प्रक्रियामै उठेका प्रश्नको तथ्य पहिचान गर्न मन्त्रालयमा समिति नै बनाएर छानविन गरिएको छ।

कानुनी र नीतिगत आधारबिना नै नेपाल दूरसञ्चार प्राधिकरणबाट टेरामक्स प्रणाली जडान गर्न खोजेको विषयमा पनि मन्त्रालयले कानुनी र नीतिगत व्यवस्था यकिन गरेर मात्रै प्रक्रिया अघि बढाउन नियामक निकायलाई निर्देशन दिइसकेको छ। दूरसञ्चार सेवा प्रदायक एनसेलको शेयर खरिद बिक्रीका सम्बन्धमा प्रश्न उठेपछि प्रचलित कानुनको परिपालनाको विषय, राजश्व र नेपालमा बैदेशिक लगानीमा पर्नसक्ने असरलगायतका विषयमा उच्चस्तरीय समितिबाटै अध्ययन तथा छानविन गरी प्रतिवेदन कार्यान्वयन गर्न नियामक निकायमा पठाइसकिएको छ।

सामाजिक न्यायको क्षेत्रमा सामन्तवादको जीवित अवशेषको रुपमा रहेको मिटरब्याजको अन्त्य गरिएको छ। नागरिकता विधेयक प्रमाणीकरण गरेर हजारौं नागरिकताविहीनलाई नागरिकता प्रदान गरिएको छ भने अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार श्रमिकलाई पनि सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने प्रक्रिया सुरु भएको छ। दलित एवं उपेक्षित उत्पीडित वर्गका अधिकारलाई सुदृढ गर्न अधिकार सम्पन्न प्राधिकरण गठन गर्ने निर्णय गरिएको छ। नेपाल संवतलाई सरकारी लिखतमा अनिवार्य गर्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ। सुशासन र सामाजिक न्यायसँगै समृद्धि पनि वर्तमान सरकारको अर्को पिलर हो। सरकार गठन हुँदै गर्दा जर्जर रहेको देशको आर्थिक अवस्था अहिले वित्तीय क्षेत्रका समस्यालाई नीतिगत तथा कार्यान्वयन तहबाट उचित सम्बोधन गरिएपछि समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक हुँदै आएका छन्।

वित्तीय तथा मौद्रिक नीतिमा खुकुलोपन ल्याई व्यवसायीहरूको हित संरक्षण भएको छ। पर्यटक आगमन बढेको छ, रेमिट्यान्स बढेको छ, व्यापारघाटा कम भएको छ। विदेशी मुद्राको सञ्चिति उकालो लागेको छ, जिडिपीमा वृद्धि भएको छ। बैंकको ब्याजदरमा सुधार आएको छ। लघुवित्त र सहकारीका समस्या समाधानको पहल गरिएको छ। राजस्व सङ्कलनमा वृद्धि भएको छ। रोकिएको घरजग्गा कारोबार फुकुवा गरी अर्थतन्त्र चलायमान गराइएको छ। पोखरा र भैरहवाको अन्तर्राष्ट्रिय विमास्थल उद्घाटन गरी सञ्चालनमा ल्याइएको छ। भरतपुर विमानस्थलको स्तरोन्नति गर्ने काम अगाडि बढाइएको छ। विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेता खेलाडीहरूलाई पुरस्कार र प्रोत्साहन गरिएको छ।

अरूण-३, काठमाडौँ नागढुङ्गा सडकको सुरूङमार्ग, मरिन डाइभर्सन बहुउद्देश्यीय परियोजना लगायतका परियोजनाहरूको ब्रेक-थ्रू गरिएको छ। पूर्वाधार निर्माणमा उच्च प्राथमिकता दिइएको छ। भरतपुर रङ्गशाला, मुलपानी रंगशाला र विराटनगर रङ्गशालालाई राष्ट्रिय गौरवका आयोजना घोषणागरी निर्माण कार्यमा उच्च प्राथमिकता दिइएको छ। तेस्रो लगानी सम्मेलन भव्यतापूर्वक सम्पन्न गरिएको छ। लगानी सहजीकरणसम्बन्धी ऐन संसदमा प्रस्तुत भई पारित गरिएको छ। विदेशी अनुदान र सहायतामा सुधार आएको छ। प्रतिवद्धताअनुसार लगानी जुट्दैछ। ‘सुशासन, सामाजिक न्याय र

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी

**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : महादेवा गाउँपालिका, सप्तरी

# ‘आत्मविश्वास र आशा जगाउनेगरी मौद्रिक नीतिको तयारी’

काठमाडौँ, २४ असार (रासस)।

मुलुकको अर्थतन्त्रका देखिएको शिथिलता अन्त्य गर्न वित्त नीति अनुकूल हुने, बजार चलायमान बनाउने र निजी क्षेत्रको आत्मविश्वास जगाउनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारी भइरहेको नेपाल राष्ट्र बैंकले जनाएको छ ।

आगामी आवको मौद्रिक नीतिका सम्बन्धमा प्रतिनिधिसभाअन्तर्गतको अर्थसमितिमा सोमबार भएको छलफलका क्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले सरकारले अवलम्बन गरेको वित्त नीतिलाई सहयोग पुग्ने र बजारको मनोबल बढाउनेगरी मौद्रिक नीति आउने बताउनुभयो ।

“सरकारले आगामी आर्थिक वर्षको बजेटमा राखेको छ प्रतिशतको आर्थिक वृद्धिदर र पाँच दशमलव पाँच प्रतशितको वाञ्छित सीमाभित्रको मौद्रिक नीतिको लक्ष्यलाई सहयोग पुऱ्याउनेगरी मौद्रिक नीति ल्याउने तयारीमा जुटेका छौँ”, गभर्नर अधिकारीले भन्नुभयो, “अहिले व्यावसायिक मनोबल घटेको छ । यसलाई उकास्न र सकारात्मक नतिजाका लागि केही सुधारात्मक काम गर्नुपर्नेछ ।”

मुलुकको समग्र वित्तीय अवस्थाबारे समितिलाई जानकारी दिँदै गभर्नर अधिकारीले पछिल्लो समय निर्माण क्षेत्र र औद्योगिक क्षेत्रको वृद्धिदरमा सङ्कूचन देखिएको बताउनुभयो । “निर्माण र औद्योगिक क्षेत्रको वृद्धिदर नकारात्मक छ । निर्माण क्षेत्रबाट परेको बहुआयामिक असर व्यवस्थापन गर्नु चुनौती औद्योगिक र मौद्रिक नीतिका आफ्नै सीमा छन्”, उहाँले भन्नुभयो, “निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाएको भनिरहेका छन् । यो नीतिले हेर्नसक्ने विषय होइन । कालोसूचीमा पर्ने विषय पनि सँगसँगै आइरहेकाले यस समस्या समाधानका लागि गृहकार्य गरिरहेका छौँ ।”

कोभिड-१९ महामारीका कारण शिथिल भएको अर्थतन्त्रलाई चलायन बनाउन नसकिएको, ब्याजदर घटिरहेको अवस्थामा कर्जाको माग बढ्न नसकेको, कर्जा विस्तार भएको रकम पनि उत्पादनशील क्षेत्रमा जान नसकेकोलगायत समस्या अहिले आर्थिक र वित्तीय क्षेत्रमा रहेको गभर्नर अधिकारीले उल्लेख गर्नुभयो । आगामी आर्थिक वर्षको मौद्रिक नीतिका लागि सरोकार भएकासँग छलफल गरिरहेको उहाँले जानकारी दिनुभयो ।

समितिमा अर्थसचिव मधुकुमार मरासिनीले आगामी आवका लागि सरकारले तय गरेको नीति तथा कार्यक्रम र बजेटका योजना कार्यान्वयनमा सहयोग पुग्नेगरी मौद्रिक नीति आउने विश्वास व्यक्त गर्नुभयो । “बजेटमा भनेजस्तै छ प्रतिशतको आर्थिक वृद्धि र साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीतिलाई हेरेर आउनेछ भन्ने अपेक्षा छ”, उहाँले भन्नुभयो, “हामीसँग भएको पुँजी परिचालनबाट लक्षित आर्थिक वृद्धिदर हासिल गर्नका लागि मौद्रिक नीतिले सहज वातावरण बनाउनुपर्छ ।”

पछिल्लो समय बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जा बढेर तीन दशमलव ९७प्रतिशत पुगेको जनाउँदै मरासिनीले यसले केही समस्या सिर्जना गरेको भए पनि पाँच प्रतिशतसम्मको निश्क्रिय कर्जालाई व्यवस्थापन गर्न सकिने बताउनुभयो ।

सरकारले आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष भनेको र नयाँ चरणको आर्थिक सुधारलाई सघाउ पुऱ्याउने गरी मौद्रिक नीति आउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सूचना प्रविधि र कृषि क्षेत्रमा लगानी दशक घोषणा भएकाले ती क्षेत्रमा कर्जा विस्तार गर्न सहज हुनेगरी मौद्रिक नीति आउनुपर्ने सुझाव पनि अर्थसचिव मरासिनीले दिनुभयो । अहिलेको समसामयिक आर्थिक विषयलाई सम्बोधन गर्नेगरी र निजी क्षेत्रको मनोबल उकास्नेगरी मौद्रिक नीतिको तयारी गरिनुपर्ने उहाँको भनाइ छ ।

“निजी क्षेत्रको मनोबल कमजोर भएको छ । बैंकमा प्रशस्तमात्रामा तरलता उपलब्ध हुँदाहुँदै र न्युन ब्याजदरका बाबजुद पनि कर्जा विस्तार हुने सकेको छैन । निजी क्षेत्रको आत्मविश्वास र आशा जगाउनेगरी मौद्रिक नीति ल्याउनु अहिलेको आवश्यकता हो”, अर्थसचिव मरासिनीले भन्नुभयो । आगामी आर्थिक वर्ष सोह्रौँ आवधिक योजनाको आधार वर्ष भएकाले उक्त आवधिक योजनाले पहिचानगरी मौद्रिक नीति तय गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सार्वजनिक खर्च परिचालनमा समस्या देखिएको र यसले अर्थतन्त्रमा बहुआयामिक असर पारेको अर्थसचिव मरासिनीले बताउनुभयो ।

समितिको सोमबारको बैठकमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले मुलुकको बर्तमान आर्थिक तथा वित्तीय अवस्थाबारे जानकारी दिनुभएको थियो । “मुद्रास्फीति धेरै हदसम्म वाञ्छित सीमाभित्र छ । साढे छ प्रतिशत औसत रहेकामा यस वर्षको औसत साढे पाँच प्रतिशत छ, यसले हामी सहज अवस्थामा छौँ भनेर देखाउँछ । बाह्य क्षेत्र अवस्थामा सहज छ । साढे १२ महिनाको वस्तु तथा सेवा आयात गर्न पुग्ने विदेशी मुद्रासञ्चिती रहेको छ । चालुखाता र शोधनान्तर स्थिति बचतमा छ”, उहाँले भन्नुभयो, “बैंकिङ प्रणालीमा तरलताको अवस्था सन्तोषजनक छ । बैंकमा ब्याजदर घट्दै गएका छन् । नीतिगत दर घटेकाले कर्जा सरल र सस्तो छ ।”

विश्व आर्थिक वृद्धिदर अझै शिथिल रहेको, विकसित मुलुकको मुद्रास्फीतिदर लक्ष्यको नजिक भए पनि उदीयमान र विकासोन्मुख मुलुकको मुद्रास्फीतिदर वाञ्छित सीमाभन्दा माथि रहेको, अधिकांश केन्द्रीय बैंकले ब्याजदर अझै माथिल्लोस्तरमा राखेको, चालु आर्थिक वर्ष आर्थिक वृद्धिदरमा केही सुधार हुने सङ्केत देखिएकोलगायत विवरण श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

उत्पादन र निर्माण क्षेत्रका वृद्धिदर पछिल्लो दुई वर्षको वृद्धिदर ऋृणात्मक रहेको, काठजन्य, लत्ताकपडा, औषधिजन्य, धातुजन्य वस्तुको आन्तरिक उत्पादन घटेको, पर्यटन आगमन कोभिडपूर्व भन्दा बढेको, वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढिरहेकोलगायत समस्या रहेको उहाँले जानकारी दिनुभयो ।

“मुद्रास्फीतिदर बढ्दो क्रममा छ । दश महिनाको औसत मुद्रास्फीति पाँच दशमलव ७६ प्रतिशत छ । आन्तरिक बजार हेर्दा मुद्रास्फीतिको चाप न्यून रहेको छ । मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्न अझै चुनौतीपूर्ण रहेको छ”, श्रेष्ठले भन्नुभयो, “गत वैशाखदेखि मौद्रिक नीतिलाई सजगतापूर्वक लचिलो बनाउँदै लगिएको छ । नीयामकीय नीतिहरु पनि खुकुलो बनाउँदै लगिएका छन् ।”

विसं २०७५ असारसम्ममा करिब रु २४ खर्बको हाराहारीमा रहेको कर्जा पछिल्लो छ वर्षमा दोब्बरले विस्तार भएको बताउँदै पछिल्लो छ वर्षमा बढेको कर्जाको आधा ऋृण २०७८ र २०७९ मा विस्तार भएको श्रेष्ठले जानकारी दिनुभयो ।

---

## सुशासन, सामाजिक ...

समृद्धि’को मुख्य सोंचसहित आर्थिक वर्ष २०८१-२०८६ का लागि सोह्रौँ योजना तर्जुमा गरिएको छ ।

नेपालको समृद्धिको महत्वपूर्ण क्षेत्र ऊर्जा हो । सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा नेपाल एवं भारतका लगानीकर्ताद्वारा सञ्चालनमा आउने जलविद्युत् आयोजनाबाट आन्तरिक माग पूरा गरी दश वर्षमा दश हजार मेगावाट विद्युत् निर्यात गर्ने सन्दर्भमा दीर्घकालीन विद्युत् व्यापार सम्झौतामा प्रारम्भिक हस्ताक्षर भएको हुनु र नेपालबाट ४० मेगावाटसम्म विद्युत् बङ्गलादेश निर्यात गर्ने सहमति हुनुलाई महत्वपूर्ण उपलब्धि मान्नुपर्छ ।

सरकार आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेटबाट समृद्धिको मोटामोटी कार्ययोजना पेश गर्न सफल भएको छ । आर्थिक सुधारका नीति, योजना र प्राथमिकता निर्धारण गरिएको छ । आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन, कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन प्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास, समावेशिता र सामाजिक सुरक्षा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने सवाललाई सरकारले प्राथमिकतामा राखेको छ । यसका लागि आर्थिक सुधारका रणनीति तय गर्दै सरकारले संरचनात्मक सुधार, नयाँ चरणको आर्थिक सुधार कार्यक्रम, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्रको सुधार र सार्वजनिक प्रशासन सुधारलाई जोड दिएको छ ।

समृद्धिका पाँच रूपान्तरणकारी क्षेत्रको रुपमा सरकारले कृषि क्षेत्रको रूपान्तरण, ऊर्जा क्षेत्रको विकास, सूचना प्रविधिको विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता र औद्योगिक विकासलाई स्थापित गरेको छ । यसबीचमा सूचना प्रविधिलाई आर्थिक रुपान्तरणको प्रमुख आधारको रुपमा स्थापित गर्न सफल भएका छौं, यो मुलुककै रुपान्तरणका लागि ठूलो छलाङ हो । यसअघि कृषि, जलस्रोत, पर्यटन र औद्योगिक विकास तथा पूर्वाधार निर्माणलाई नेपालका प्रमुख आर्थिक क्षेत्रको रुपमा लिने गरिएकोमा अब नवीनतम् आर्थिक रुपान्तरणकारी क्षेत्रको रुपमा सूचना प्रविधि थप भएको छ । नेपाललाई सूचना प्रविधिको हवको रूपमा विकास गर्दै आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा अगाडि बढाउने र आगामी आर्थिक वर्षलाई त्यसको प्रारम्भ वर्षको रूपमा लिई तद्नुरूपको तयारीको थालनी गर्ने व्यवस्था मिलाइएको छ । आगामी दश वर्षमा ३० खर्वको सूचना प्रविधि सेवा निर्यात र १० लाखको रोजगारी सिर्जन गर्ने लक्ष्यका साथ आइटी हब, वर्क स्टेशन, सातै प्रदेशमा आवश्यक तालिम र डिजिटल साक्षरता लगायतका कार्यक्रम प्राथमिकताका साथ अघि बढाइएको छ ।

आगामी पाँच लाख परिवारलाई लालपुर्जा वितरण गर्ने, पोडवे निर्माण, महिला लगानी वर्ष मनाउने घोषणा, प्रधानमन्त्री छोरी कार्यक्रम, मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने, समस्याग्रस्त सहकारीको समस्या समाधान, एक अर्ब रकम बराबरको स्टार्टअप कोष स्थापना, २०८१-२०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा, आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य, आगामी वर्ष नौ सय मेगावाट विद्युत थप गर्ने लक्ष्य लगायतका कार्यक्रम सुशासन, सामाजिक न्याय र समृद्धि स्थापित गर्ने दिशामा केन्द्रित छन् ।

सरकारले कूटनीतिक सन्तुलन कायम गर्दै आफ्ना एजेण्डा विश्वमञ्चमा स्थापित गर्न पनि ऐतिहासिक सफलता प्राप्त गरेको छ ।। यो एक वर्षको बीचमा सम्माननीय प्रधानमन्त्री भारत, अमेरिका, चीन, संयुक्त अरब इमिरेट्सलगायतको भ्रमण गरी सन्तुलित कूटनीति स्थापित गर्न सफल हुनुभएको छ । जलवायु परिवर्तन र यसले निम्त्याएका असरहरूबारे अन्तर्राष्ट्रिय फोरमहरूमा पहलका साथै जलवायु न्यायको आवाज बुलन्द गरिएको छ । मित्रराष्ट्र भारत र चीन, संयुक्त राष्ट्रसङ्घको महासभा, विश्व खाद्य सम्मेलन, विश्व जलवायु सम्मेलन, असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन लगायतका अन्तर्राष्ट्रिय फोरमहरूमार्फत् नेपालको अन्तर्राष्ट्रिय छवि र आर्थिक कुटनीतिमा महत्वपूर्ण हस्तक्षेप गरिएको छ ।

जनताको जीवनप्रति सरकार गम्भीर र संवेदनशील छ भन्ने सवाल हामीले गतवर्ष भूकम्प प्रभावितको उद्धार र उपचारमा देखाएको तदारुकताबाट पनि पुष्टि भएको छ । भूकम्पपीडितको उद्धार कार्य सम्माननीय प्रधानमन्त्रीको निर्देशन र नेतृत्वमा २४ घन्टाभित्र नै जसरी सम्पन्न भयो, यसलाई ऐतिहासिक मान्नुपर्छ । नेपालमा केही पनि हुँदैन, भविष्य छैन भन्ने गलत भाष्यलाई खारेज गर्दै सरकारले डेढ वर्षकै छोटो अवधिमा नयाँ पुस्तामा आशा र उत्साह जागृत गर्ने महत्वपूर्ण कार्यको थालनी गरेको छ । यसलाई पुँजीकृत गर्दै आम नागरिकको एकताबद्ध प्रयासमार्फत सुशासन, सामाजिक न्याय र समृद्धिको दिशामा अघि बढ्ने महत्वपूर्ण बाटो खुलेको छ । (शर्मा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता हुनुहुन्छ)

---

## विश्व समाचार

### तलब वृद्धिको माग गर्दै सामसुङका कर्मचारी तीन दिने हडतालमा

ह्वासियोङ, दक्षिण कोरिया, २४ असार (रासस/एएफपी)।

दक्षिण कोरियाली विशाल प्रबिधि कम्पनी सामसुङका कर्मचारीहरूले तलब वृद्धि र अन्य सुविधाको विषयमा सोमबारदेखि तीन दिने आमहडताल सुरु गरेका छन् । सियोलबाट एक घण्टा दक्षिणमा रहेको ग्योङगीको ह्वासेओङमा रहेको कम्पनीको फाउण्ड्री र सेमीकन्डक्टर फ्याक्ट्रीबाहिर हजारौं मजदुरहरू बर्षादी र रिबन लगाएर भेला भएका दशौं हजार कर्मचारीहरूको प्रतिनिधित्व गर्ने एक युनियनका प्रमुखले एएफपीलाई बताउनुभयो । सामसुङ इलेक्ट्रोनिक्स विश्वको सबैभन्दा ठूलो मेमोरी चिप निर्माता हो र यसले चिप्सको विश्वव्यापी उत्पादनको महत्त्वपूर्ण हिस्सा ओगटेको छ ।सामसुङ व्यवस्थापनले जनवरीदेखि युनियनसँगको वार्तालाई रोकेको छ । दुबै पक्ष मतभेदलाई कम गर्न असफल भएका छन् । फर्मबाट ५.१ प्रतिशत तलब वृद्धि प्रस्ताव अस्वीकार गरिएको छ ।

नेशनल सामसुङ इलेक्ट्रोनिक्स युनियनका प्रमुख सन वू मोकले एएफपीसँग भन्नुभयो, “सोमबारदेखि हडताल सुरु भएको छ । सोमबारको आमहडताल त सुरुवात मात्र हो ।” “हामी यहाँ किन छौं भनेर सम्झँदै, कृपया जुलाई १० सम्म काममा नआउनुहोस् र कुनै पनि व्यावसायिक कलहरू रिसिभ नगर्नुहोस्,” उहाँले कामदारहरूको भीडलाई सम्बोधन गर्दै भन्नुभयो । युनियनले कारखाना, उत्पादन र विकास क्षेत्रका करिब पाँच हजार २०० व्यक्ति विरोध प्रदर्शनमा सहभागी भएको जनाएको छ । युनियनका उपाध्यक्ष ली ह्युन कुकले भन्नुभयो, “के उनीहरूले यसले सामसुङको उत्पादन लाइनलाई असर पार्नेछ भनेर अझै पनि सोचेका छैनन् ?”

करिब ३० हजार सदस्य रहेको युनियनले वार्ताबाट समस्याको समाधान हुन नसकेपछि गत हप्ता तीन दिने आम हड्तालको घोषणा गरेको थियो । श्रमिकहरूले मार्चमा ५.१ प्रतिशत तलब वृद्धिको प्रस्तावलाई अस्वीकार गरेका थिए, युनियनले पहिले वार्षिक बिदामा सुधार र पारदर्शी कार्यसम्पादनमा आधारित बोनससहितका मागहरू राखेको थियो । यससम्बन्धमा सामसुङले टिप्पणीको लागि गरिएको अनुरोध अस्वीकार गरेको छ । सेजोङ विश्वविद्यालयका बिजनेस प्रोफेसर किम डे-जोङले एएफपीसँग भन्नुभयो, “जारी हडताल तीन दिनका लागि मात्र तय गरिएको छ, तर सहभागी सदस्यहरूमा चिप एसेम्बली लाइनमा काम गर्नेहरू पनि सामेल छन् । “समस्या जारी रहेमा युनियनले थप हड्ताल गर्न सक्ने भएकाले प्रतिस्पर्धी चिप्स बजारमा प्रभुत्व जमाउने होडबाजीका बीच यसले सामसुङ व्यवस्थापनलाई ठूलो समस्या सिर्जना गर्नसक्छ ।

### रूसद्वारा युक्रेनी बाल अस्पतालमा आक्रमण, २० भन्दा बढी व्यक्तिको मृत्यु

किएभ, युक्रेन, २४ असार (रासस/एएफपी)।

रूसी क्षेप्यास्त्र युक्रेनको राजधानीस्थित एक बाल अस्पतालमा ठोक्किएको छ । उक्त आक्रमणबाट कम्तीमा २० जनाको मृत्यु भएको छ ।त्यसैगरी, मध्य युक्रेनी शहर क्राइभी रिहमा भएको आक्रमणमा १० जनाको मृत्यु भएको र ३१ जना घाइते भएको नगर प्रशासनका प्रमुख ओलेक्ज्यान्डर विल्कुलले बताउनुभयो । केही महिनायता किएभमा भएको यो सबैभन्दा ठूलो बमबारी थियो । युक्रेनी वायु सेनाका अनुसार दिनदहाडै गरिएको आक्रमणमा रूसको सबैभन्दा अत्याधुनिक हतियारमध्ये एक किन्झाल हाइपरसोनिक क्षेप्यास्त्र पनि प्रयोग भएको अधिकारीहरूले बताएका छन् ।

किन्झाल तीव्र गतिमा अर्थात् ध्वनिको १० गुणा बढी गतिमा उड्ने भएकोले यसलाई रोक्न गाह्रो हुन्छ । विस्फोटका कारण शहरका भवनहरू हल्लिएका थिए । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसले विभिन्न प्रकारका ४० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेर अपार्टमेन्ट भवन र सार्वजनिक संरचनामा प्रहार गरेको बताउनुभएको छ । किएभ शहर प्रशासनले केही क्षेत्रमा क्षेप्यास्त्रबाट खसेको भग्नावशेष खसेको र आगो लाग्न थालेको जनाएको छ । किएभका धेरै इलाकाहरूबाट धुवाँको बाक्लो मुस्लो उठेको थियो ।

युक्रेनको राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यर्मलले शहरका सडकमा धेरै मानिस भेला भइरहेका बेला आक्रमण भएको बताएका छन् ।कीभका मेयर भिटाली क्लिट्स्कोले आक्रमणको परिणामबारे आधिकारिक आँकलन भइरहेको बताउनुभएको छ । युक्रेनको मध्य निप्रोपेत्रोभ्स्क क्षेत्रमा पनि स्थानीय अधिकारीहरूले विस्फोटको खबर दिएका छन् ।युक्रेनलाई गठबन्धनको अटुट समर्थनबारे कसरी आश्वस्त पार्ने र दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा ठूलो द्वन्द्वबाट युक्रेन कसरी गुज्रन सक्छ भन्ने आशा जगाउने उद्देश्यका साथ वासिङ्टनमा हुने नेटोको तीन दिने शिखर सम्मेलनको पूर्वसन्ध्यामा यो आक्रमण भएको हो ।

### इन्डोनेसियामा बाढीपहिरोले ११ जनाको मृत्यु, १७ व्यक्ति बेपत्ता

जकार्ता, २४ असार (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको गोरोन्टालो प्रान्तको बोन बोलान्गो रिजन्सीमा सुनको खानीमा ठोक्किएको पहिरो र आकस्मिक बाढीबाट प्रभावित भई मृत्यु हुनेको सङ्ख्या ११ पुग्नुका साथै १७ जना बेपत्ता भएको विपद् व्यवस्थापन निकाय एक वरिष्ठ अधिकारीले सोमबार बताएका छन् । भारी वर्षाले शनिबार मध्यरातमा रिजेन्सीमा अवस्थित खानीमा पहिरो तथा आकस्मिक बाढी निम्त्याएकाले खनिक शिविरहरूमा ठोक्कादा तिनीहरूलाई बगाएको क्षेत्रीय विपद् व्यवस्थापन निकायको परिचालन एकाईका प्रमुख अच्रिल बेबीओङ्गोले बताउनुभयो ।

यस अभियानमा स्थानीय खोजी तथा उद्धार विभागका करिब १८० जना कर्मचारी, सैनिक, प्रहरी र विपद् एजेन्सीका कर्मचारीहरू संलग्न रहेको बेबीओङ्गोलको भनाइ छ । गोरोन्टालो खोजी र उद्धार टोलीका प्रमुख हेरियान्तोले सोमबार खनन स्थलको दुर्गम स्थान र चुनौतीपूर्ण सडक अवस्थाले खोजी प्रयासमा बाधा पुऱ्याएको बताउदै भाँचिएका पुलहरूका कारण सवारी साधनहरूद्वारा दुर्गम थिए र पैदल यात्रा आवश्यक भएको बताउनुभयो । क्षेत्रीय विपद् व्यवस्थापन एजेन्सीले पाँच उप-क्षेत्रका २८८ घरहरू प्रभावित भएको र मुख्यतया माटो र भग्नावशेषले भरिएको जनाएको छ भने प्रकोपबाट कम्तीमा एक हजार २९ जना प्रभावित भएका छन् ।

# मुलुकभर ३८ प्रतिशत रोपाइँ सम्पन्न

काठमाडौँ, २४ असार (रासस) ।
समयमै वर्षा भएसँगै आइतबारसम्म मुलुकभर ३८ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । यही असार २३ गतेसम्म सातै प्रदेशमा कूल पाँच लाख ३९ हजार सात सय ६६ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।

सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ५४ दशमलव २ प्रतिशत रोपाइँ भएको कृषि विभागका सूचना अधिकारी तिकलराज चौलागाइँले जानकारी दिनुभयो । सबैभन्दा कम मधेस प्रदेशमा २५ दशमलव ५ प्रतिशत रापाइँ भएको छ । आइतबारसम्म कोशी प्रदेशमा ३४ दशमलव ४ प्रतिशत, बागमती प्रदेशमा ४० दशमलव २ प्रतिशत, गण्डकी प्रदेशमा ४९ दशमलव ७ प्रतिशत, लुम्बिनी प्रदेशमा ४४ दशमलव ४ प्रतिशत र कर्णाली प्रदेशमा ४७ दशमलव ५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागको तथ्याङ्कमा उल्लेख छ ।

देशभर रोपाइँ हुने क्षेत्रफल कूल १३ लाख ९८ हजार दुई सय ७३ हेक्टर रहेको छ । सबैभन्दा धेरै मधेसमा तीन लाख ८३ हजार एक सय ५० हेक्टर क्षेत्रफल रहेको छ । सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार ९०४ क्षेत्रफल रहेको छ । अघिल्लो वर्ष असार २४ गतेसम्म देशभर ६ लाख ४२ हजार दुई सय ८४ हेक्टर क्षेत्रफल (४२.९ प्रतिशत) मा रोपाइँ सम्पन्न भएको थियो ।

नेपालमा वार्षिक औसत ५७ लाख मेट्रिक टन धान उत्पादन हुने गरेको छ । माग ६२ लाख मेट्रिक टन रहेको छ । नेपालमा गत वर्ष अपेक्षाअनुसारको मात्रामा धान उत्पादन भएको र यस वर्ष पनि सोही अनुपातमा उत्पादन हुने सूचना अधिकारी चौलागाईले बताउनुभयो ।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपाल प्रवेश गरेको हो । यस वर्षको मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । नेपालमा सामान्यतया मनसुन अवधि सरदर जेठ १९ देखि असोज १४ गतेसम्म मानिन्छ । यद्यपि मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ

# बाढीपहिराले हालसम्म ७० को मृत्यु, पाँच बेपत्ता

काठमाडौँ, २४ असार (रासस) ।
अविरल वर्षाका कारण आएको बाढीपहिरालगायत विपद्मापरी हालसम्म ७० जनाले ज्यान गुमाएका छन् ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जेठ २८ देखि सोमबार बिहानसम्म बाढीपहिरामा परेर ७० जनाको मृत्यु, ८६ जना घाइते र पाँच जना बेपत्ता भएको राससलाई जानकारी दिनुभयो । घाइतेको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


उक्त अवधिमा बाढीपहिराका नौ सय ६६ घटना घटेका छन् । त्यसमा ८६ घरमा क्षति पुगेको र तीन सय ३५ पशु चौपायको मृत्यु भएको छ । भारी वर्षाका कारण सोमबार पनि देशभरकै जनजीवन प्रभावित भएको छ ।

उक्त अवधिमा चार हजार सात सय ९० प्रहरी बाढीपहिरामा परिचालन गरिएको र रु नौ करोड ५६ लाख ७४ हजार दुई सय ५० मूल्य बराबरको क्षति पुगेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

*राजविराज नगर ...*

नियन्त्रणमा मद्दत पुग्ने बताए । जिल्लाको सुरक्षाका दृष्टिकोणले यो महत्पूर्ण काम भएकोले यसबाट अपराध अनुसन्धान गर्नमा सहज हुने उनले प्रतिक्रिया दिए ।

उनले जिल्ला प्रहरी कार्यालमा सिसि क्यामराबाट निगरानीका लागी एउटा टिम बनाउने र सो टिम मार्फत ९० वटा क्यमराको मद्दतले नगरको निगरानी गरिने जानकारी दिए ।


कृषि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
सप्तरी

चलानी नं. :
पत्र संख्या :
प्राप्त पत्र संख्या र मितिः
मितिः २०८१/३/१९

विषय: ...दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना ।

...दर्ता रहेको साविक ... मौजा रैन ... हाल तपसिल बमोजिम ... नापी भएको जग्गा ... गरी प्रमाण पुर्जा पाउ भन ... गा.वि.स./न.पा. ... वार्ड नं. ४ ... बसने श्री ... द. नं. ... मिति ... मा निवेदन पुरी ... सार्वजनिक सूचना प्रकाशित गर्न मिर्ति ... मा आदेश भए अनुरुप यो ... दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखि जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकासित भएको मितिले ...३५... दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुर गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम ... म नियम बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | ५क | ६५ | ०-१५-६½ | [illegible] | [illegible] |

# देशका विभिन्न स्थानमा रहेका ८० वटा खानी खोजतलास गर्न अनुमति

काठमाडौँ, २४ असार (रासस) ।
खानी तथा भूगर्भ विभागले देशका विभिन्न स्थानमा रहेका ८० वटा खानी खोजतलासका लागि अनुमति दिएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि जेठ मसान्तसम्म विभिन्न कम्पनीलाई खानी खोजतलासका लागि प्रमाणपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिनुभयो ।

सोही समयमा आठवटा खानी उत्खननका लागि प्रमाणपत्र प्रदान गरेको छ । चालु आवमा देशभरिका विभिन्न एक सय सात खानीको अनुगमन गरेको र एक सय १४ स्थानको उत्खनन तथा खोजतलास अनुमति प्रमाणपत्र रद्द गरेको सूचना अधिकारी बाँस्कोटाले बताउनुभयो ।

यस्तै, दैलेखमा रहेको सम्भावित पेट्रोलियम भण्डार क्षेत्र अन्वेषणका लागि चीन सरकारको सहयोगमा ड्रिलिङ कार्य सञ्चालन भइरहेको विभागले जनाएको छ । हालसम्म नौ सय ५१ मिटर ड्रिलिङ कार्य सम्पन्न भइसकेको छ ।

विभागले चालू आवमा देशका विभिन्न भूभागमा चार रेक्टर स्केलभन्दा माथिका ५७ भूकम्प मापन भएको समेत जनाएको छ । विभागले यस अवधिमा गोरखाको बारपाकमा भूकम्प तथा पहिरोसम्बन्धी अभिमुखीकरण, मधेस प्रदेशअन्तर्गत जीतपुर सिमरा र आसपासका क्षेत्रको भूइन्जिनियरिङ तथा भूवातावरणीय अध्ययन गरिएको पनि बाँस्कोटाले जानकारी दिनुभयो ।

विभागले पहिलो चरणमा सुर्खेतस्थित चुनढुङ्गा खानीको प्रवर्द्धन सम्पन्न गरेको र उक्त समयमा रु ५८ करोड ७४ लाख राजस्व सङ्कलन गरेको छ ।


# बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : तिरहुत गाउँपालिका, सप्तरी



# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्यण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५. आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२

जनहीतका लागि जारि सन्देश : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*